# हाम्रो चुनाव चिन्ह

## नयाँ सिक्किमको
## नयाँ उज्यालो

“ सुनौलो सिक्किमको निम्ति **19 अप्रेलको** शुभदिनमा **टेबल ल्याम्पको बटन दबाएर** एसकेएम पार्टीलाई भारी मतले विजय गराऔं ”

– प्रेमसिंह तामाङ (गोले)

## सिक्किम क्रान्तिकारी मोर्चा



# गोलेको ग्यारेन्टी 9

11औं सिक्किम विधानसभा अनि 18औं लोकसभा चुनाव - 2024

# सिक्किम क्रान्तिकारी मोर्चा

## 11औं सिक्किम विधानसभा
## 18औं लोकसभा चुनाव, 2024

# गोलेको 9 ग्यारेन्टी



प्रकाशकः
सिक्किम क्रान्तिकारी मोर्चा
प्रचार शाखा, केन्द्रिय समिति
पार्टी मुख्यालय, तिब्बत रोड, गान्तोक

प्रकाशन वर्षः अप्रेल, 2024 । प्रतिः 10,000
मुद्रकः डिमार्ग एडभडाइजर, गान्तोक-737101




# अध्यक्षको सन्देश



**अति आदरणीय सिक्किमेली जनसमुदाय,**

लोकतन्त्रमा भोटको शक्ति जादूको छड़ीभन्दा कम हुँदैन। 2019 -मा तपाईंहरूको भोटको शक्तिले नयाँ सरकार ल्यायो। तपाईंहरूको भोटको ताकतले नयाँ सरकार ल्याएपछि सिक्किमको भाग्य,मुहार र दिशा फेरिएको छ। अनेकौं चुनौती र समस्याहरूको सामना गर्दै भए पनि सिक्किमले यो पाँच वर्षमा विकासको नयाँ कीर्तिमान स्थापित गर्न सकेको छ। **यो पाँच वर्षमा हामीले त्यस्ता कल्याणकारी योजनाहरू लागू गऱ्यौं जुन सिक्किमको इतिहासमा कहिले पनि लागू भएका थिएनन्** - आमाहरूलाई प्रतिवर्ष रु 40000 दिने, गरीबहरूको पक्का घर बनाइदिने, युवाहरूलाई रोजगार दिने, अस्थायी कर्मचारीहरूलाई स्थायी गर्ने, निःशुल्क उपचारजस्ता कल्याणकारी योजनाहरू हामीले बनायौं। **यी सब गोले एक्लैबाट सम्भव भएको होइन, तपाईंहरूको भोटको ताकतले सम्भव भएको हो।**

जसरी हामीले 2019 -मा परिवर्तनको संकल्प गरेका थियौं, अब फेरि एउटा संकल्प गर्ने समय आएको छ। एउटा यस्तो संकल्प जसले हाम्रो भावी-पीढीको भविष्य सुरक्षित हुनसकोस् र हाम्रो प्यारो सिक्किमले विकासको नयाँ शिखर चुम्न सकोस्। यो संकल्प हो- **सुनौलो सिक्किम-समृद्ध सिक्किम।** यो एउटा यस्तो संकल्प हो जसले आगामी दशकलाई सिक्किमको प्रगतिको दशक बनाउनेछ, सिक्किम र सिक्किमे युवाहरूको स्वर्णिम दशक सुनिश्चित गर्नेछ।

**सुनौलो सिक्किम, समृद्ध सिक्किमको अर्थ के हो?** हामीलाई यस्तो सिक्किम बनाउनुछ, जहाँ सबैसँग इच्छानुसारको रोजगार होस्, जहाँ सबै नानीहरूले गुणस्तरीय शिक्षा पाउन सकोस् र सिक्किम देशको Education Hub बन्नसकोस्। जहाँ नारी र ज्येष्ठ नागरिकहरूको मान-सम्मान होस्, जहाँ सबै व्यक्तिले विश्वस्तरीय स्वास्थ्य सुविधाहरू पाउन सकोस् र सिक्किम देशको Wellness Hub बन्नसकोस्, जहाँ गाउँ-गाउँमा विश्वस्तरीय सुविधाहरू पुगोस् , जहाँ भीड़को अन्तिममा उभेको जनतासम्म सरकारी योजनाहरूको 100 प्रतिशत लाभ पुग्नसकोस्, जहाँ भविष्यको जग हाम्रो राज्यको समृद्ध संस्कृतिमाथि खड़ा होस्। हामीलाई यस्तो सिक्किम बनाउनुछ, जहाँ सबैको अनुहारमा मुस्कान होस्।

मैले सुनौलो सिक्किम-समृद्ध सिक्किमको संकल्प सिद्धिको लागि योजना बनाएको छु, बजेटको व्यवस्था गरेको छु। यही संकल्प सिद्धिको लागि तपाईंहरूले दिनुभएको सुझाव र प्राथमिकताहरूबाट मैले मेरो 9 ग्यारेन्टी बनाएको छु। **यी 9 ग्यारेन्टी सुनौलो सिक्किमको लक्ष्य प्राप्तिमा माइलखुट्टी साबित हुनेछ। गोलेको यो 9 ग्यारेन्टी कुनै चानचुने वादा होइन, यो गोलेको लीगल ग्यारेन्टी हो।** नेताहरूले वादाहरू त गर्नसक्छन् तर सिक्किमे जनता जान्दछन् कि वादाहरू पूरा त सिर्फ गोलेले नै गर्नसक्छ, असम्भव कार्यहरूलाई सम्भव बनाउने फर्मूला सिर्फ गोलेसँग छ।

**जसरी तपाईंहरूले 2019 -मा परिवर्तनको पक्षमा भोट दिएर नयाँ सरकार ल्याउनुभयो त्यसरी नै आउँदो चुनाउमा तपाईंहरूले फेरि पनि सुनौलो सिक्किमको लक्ष्यप्राप्तिका लागि Table Lamp -को बटन दबाउनु जरूरी छ।** तपाईंको सोच र सहयोगबाट नै हामी सुनौलो सिक्किमको लक्ष्यलाई साकार बनाउन सक्छौं।

**मेरो लागि सिक्किमे जनता नै मेरो परिवार हुन्।** म तपाईंको सेवक तपाईंसमक्ष यो वाचा गर्दछु कि सुनौलो सिक्किमको लागि म पूर्ण आत्मविश्वास,जोश र समर्पणको साथमा काम गर्नेछु। **ममाथि भरोसा राख्नुहोस्-यो दशक सिक्किमको स्वर्णिम दशक बन्नेछ, सुनौलो सिक्किमको लक्ष्य अवश्य प्राप्त हुनेछ-यो गोलेको ग्यारेन्टी हो।** धन्यवाद।

तपाईंहरूको आफ्नो सेवक,

प्रेमसिंह तामाङ (गोले)



# सुनौलो सिक्किमको ग्यारेन्टी

# गोलेको ग्यारेन्टी 9



- हामी प्रमुख सरकारी सेवाहरू र आधारभूत सामाग्रीहरू डोरस्टेप डेलीवेरी सुनिश्चित गर्नेछौं।
- हामी मुख्यमन्त्री सुरक्षा कवच योजनाअन्तर्गत 2025 -सम्म सिक्किमका सबै घरसम्म सरकारी योजनाहरूको 100 प्रतिशत कवरेज र स्वचालित डेलीवेरी सुनिश्चित गर्नेछौं।
- हामी 21औं शदीको सुनौलो सिक्किमको रूपरेखा तयार गर्न Department of Innovation and Sustainability गठन गर्नेछौं, जहाँबाट राज्यको समग्र विकास र डिजिटल गवर्नेन्सको लागि नयाँ योजनाहरू बनाइनेछ।
- हामी सरकारको नीति निर्माणमा जनताको सहभागिता सुनिश्चित गर्न MySikkim पोर्टल बनाउनेछौं र सिक्किम विधानसभामा जनताको बौद्धिक सहभागिता बढ़ाउनेछौं।
- हामी मुख्यमन्त्री कनेक्ट योजना बनाएर जनताले सोझै मुख्यमन्त्रीसँग आफ्ना गुनासोहरू साझा गर्ने र ती गुनासोहरूको तत्काल निवारण सुनिश्चित गर्ने सहज प्लेटफर्म बनाउनेछौं।
- हामी सिक्किमलाई देशको सबैभन्दा सुरक्षित राज्य बनाइराख्न विशेष नीति बनाउनेछौं।
- हामी केन्द्रित परिणामहरूको लागि ग्रीन बजेट, हेल्थ बजेट, क्लाइमेट चेञ्ज बजेट, रीजनल ग्रोथ बजेटजस्ता समर्पित बजेट लागू गर्नेछौं।
- सरकारी कर्मचारीहरूको निम्ति हामी नियुक्ति, पदोन्नति र स्थानान्तरण नीति बनाउनेछौं।



# सुशासनको ग्यारेन्टी

# गोलेको ग्यारेन्टी 9



- सुनौलो सिक्किमको परिकल्पना सिक्किमको संवैधानिक सुरक्षाकवच आर्टिकल 371(F) -को पूर्ण सुरक्षामा आधारित छ। आर्टिकल 371(F) -को पूर्ण सुरक्षा गरेर सिक्किमको विशेष पहिचानको सुरक्षा गरिनेछ।

- आगामी दशकलाई सिक्किम र सिक्किमे युवाहरूको प्रगतिको सुनौलो दशक बनाइनेछ। सिक्किमको समृद्ध संस्कृति साथै गौरवशाली विरासतलाई प्रगतिको जग बनाइनेछ। यो ऐतिहासिक यात्राको तयारी पूरा भइसकेको छ।

- हामी सिक्किम फर्स्ट (SIKKIM FIRST) -को नयाँ विचारधारालाई आत्मसात गरेर काम गर्नेछौं। सिक्किम फर्स्टलाई सबै नीति र कार्ययोजनाहरूको केन्द्रमा राख्नेछौं। आर्टिकल 371(F) र रेभिन्यू अर्डर नम्बर 1 -को पूर्ण सुरक्षालाई सर्वोच्च प्राथमिकता दिनेछौं। हामी सर्वमान्य अनि न्यायोचित फर्मूलाको आधारमा सिक्किम विधानसभामा लिम्बू र तामाङ समुदायको सीट आरक्षण गराउने अनवरत प्रयत्न गर्नेछौं र 12 जाति-गोष्ठीको जनजाति मान्यताको दीर्घलम्बित मागलाई निकट भविष्यमै निष्कर्षमा पुऱ्याउन प्रतिबद्ध छौं।

- आगामी दशकलाई सिक्किमको महान् विरासत र समृद्ध संस्कृतिको सुनौलो दशक बनाउनेछौं। सिक्किमको अनुपम विरासत र समृद्ध संस्कृतिलाई राष्ट्रीय र अन्तर्राष्ट्रीय मञ्चहरूमा प्रस्तुत अनि प्रचार गर्ने हाम्रो लक्ष्य छ। हाम्रा लोक कलाकारहरूको सहयोगार्थ हामी लोक कलाकार प्रोत्साहन योजना, युवा कलाकार प्रोत्साहन योजना, कलाकार सहयोग योजना र सिक्किम लिविङ ट्रेजरजस्ता नयाँ योजनाहरू शुरू गर्नेछौं। हामी सिक्किम भाषा अकादमीमार्फत राज्यका सम्पूर्ण भाषाहरूलाई प्रोत्साहन गर्नेछौं र सबै जिल्लामा कलाकेन्द्रहरू स्थापना गर्नेछौं। हामी आधुनिक तक्निकीको सहयोगमा हाम्रो अद्वितीय विरासतको संरक्षण साथै सम्वर्द्धन गर्नेछौं।

# गोलेको ग्यारेन्टी 9





“ मेरो ऊर्जा, समय, ज्ञान र अनुभवलाई सुनौलो सिक्किम निर्माणको ऐतिहासिक कार्यमा समर्पित गरिसकेको छु। ”

# गोलेको ग्यारेन्टी 9



- कर्मचारीहरूको उत्कृष्ट प्रदर्शनको कदर गर्दै "Out of turn promotion" दिइनेछ।

  गैर-सरकारी कर्मचारीहरूको न्यूनतम वेतन मासिक रु 15,000 -देखि वृद्धि गरी मासिक रु 21,000 बनाइनेछ।

- सरकारी ठेकेदारहरूलाई सानादेखि लिएर ठूला कामहरूमा 20 प्रतिशत अग्रिम मोबिलाइजेसन राशि दिइनेछ।



“ म सामाजिक सुरक्षाको अभेद्य पर्खाल बन्न चाहन्छु, म जनताको अनुहारमा मुस्कुराउन चाहन्छु। ”

# गोलेको ग्यारेन्टी 9



- हामी सबै घरका लागि पानीको उचित प्रबन्ध गर्नेछौं र सबै परिवारलाई प्रतिमहिना 200 युनिट बिजुली निःशुल्क दिनेछौं।
- हामी सिक्किम गरीब आवास योजनाअन्तर्गत सबै गरीबहरूलाई पक्का घर प्रदान गर्नेछौं।
- हामीले सरकारी कर्मचारीहरूको कल्याणका लागि OPS योजना लागू गरिसकेका छौं र सबै रहल अस्थायी कर्मचारीहरूलाई स्थायी गर्न कटिबद्ध छौं।
- हामी चालक सुरक्षा कवचअन्तर्गत रु 10 लाखको जीवन बीमा कवर र रु 10 लाखको दुर्घटना बीमा कवर प्रदान गर्नेछौं।
- हामी सबै सरकारी पेन्शनको राशि बढ़ाएर रु 4,500 बनाउनेछौं र विगतमा जस्तै समयमा भुगतान गर्नेछौं।
- हामी सिक्किम हैप्पी भिलेज र हैप्पी सिटी इन्डेक्सको माध्यमबाट सिक्किमलाई देशको हैप्पीएस्ट राज्य बनाउनेछौं।
- हामी वरिष्ठ नागरिकहरूलाई सुगमरूपमा तीर्थस्थलहरू दर्शन गराउन मुख्यमन्त्री तीर्थ दर्शन योजना ल्याउनेछौं।
- हामी मुख्यमन्त्री समृद्धि योजनाअन्तर्गत सबै BPLपरिवारलाई रु 2 लाखको वान-टाइम आर्थिक सहायता दिएर गरीबीमुक्त सिक्किम बनाउनेछौं।



## युवाहरूको सुनौलो भविष्यको ग्यारेन्टी

# गोलेको ग्यारेन्टी 9



- हामी प्रत्येक घरका एकजना सदस्यलाई सरकारी नोकरी दिने ग्यारेन्टी दिंदछौं। प्रत्येक स्नातक र डिप्लोमाधारी युवालाई रोजगार नपाएसम्म प्रतिवर्ष रु 60,000 आर्थिक मद्दत गर्नेछौं र निःशुल्क APPRENTICESHIP TRAINING दिने ग्यारेन्टी दिंदछौं। हामी युवाहरूका लागि 200000 रोजगार सुनिश्चित गर्ने दिशामा क्रान्तिकारी पहल गर्नेछौं।
- हामी एक परिवार एक उद्यमी योजनामार्फत आउँदो 5 वर्षमा 25,000 युवा उद्यमीहरूलाई रु 50 लाखसम्मको ब्याजमुक्त ऋण दिनेछौं।
- हामी सिक्किम क्रिएटरप्रेन्योर योजनामार्फत आउँदो 5 वर्षमा 75,000 युवाहरूलाई प्रारम्भिक पैसा (SEED MONEY) दिनेछौं र सिक्किमलाई ग्लोबल क्रिएटर हब बनाउनेछौं, सबै जिल्लामा क्रिएटर स्कूलहरू स्थापना गर्नेछौं ।
- युवाहरूलाई फुटबलमा प्रोत्साहन गर्न 'पेम दोर्जी फेलोशिप' योजना शुरु गरिनेछ।
- सिक्किमका सम्पूर्ण युवाहरूलाई सुनौलो सिक्किम संकल्प सिद्धिको अभिन्न अङ्ग बनाइनेछ - सिक्किम युथ एडवाइजरी काउन्सील प्लेटफर्ममार्फत युवाहरूले राज्यको प्रगतिसम्बन्धी सुझाव र विचारहरू राख्नसक्नेछन्, सिक्किम सुशासन फेलोशिपअन्तर्गत राज्य विकास योजनाहरूको तयारीमा युवाहरूको बौद्धिक सहभागिता सुनिश्चित गरिनेछ र मुख्यमन्त्री जनसेवा मित्र योजनाअन्तर्गत सम्पूर्ण घरसम्म जनकल्याणकारी योजनाहरू पुऱ्याउनेछौं। यो योजनामार्फत कम्तीमा पनि 25,000 युवाहरूको रोजगार सुनिश्चित गर्नेछौं।
- हामी युवाहरूको रोजगारको अवसरको लागि अनलाइन जब पोर्टल बनाउनेछौं र देशबाहिरको रोजगारको अवसरको लागि फोरेन युथ एम्प्लोयमेन्ट बोर्ड गठन गर्नेछौं।



खुशहाल जीवन र सामाजिक सुरक्षाको ग्यारेन्टी

# गोलेको ग्यारेन्टी 9





> “ कुनै न कुनै योजना तथा नीतिहरूमार्फत म सबै कृषकहरूको घरघरमा पुग्ने प्रयासमा छु। ”

गोलेको ग्यारेन्टी 9



- हामी युवा भरोसा कार्डअन्तर्गत रु 20 लाखसम्मको कोलैटरल फ्री लोन प्रदान गर्नेछौं र युवा सशक्तिकरण योजनाअन्तर्गत निःशुल्क ल्याप्टप र स्मार्टफोन प्रदान गर्नेछौं। 21औं शदीको डिजिटल युगमा सफलताको लागि हामी युवाहरूलाई निःशुल्क फ्यूचर स्किल्स ट्रेनिङहरू दिनेछौं।

- हामी सिक्किम ओलम्पिक मिशनअन्तर्गत युवाहरूलाई प्रशिक्षण दिनेछौं र सिक्किमलाई भारतको स्पोर्ट्‌र्स क्यापिटल बनाउनेछौं। हामी सिक्किमको परम्परागत खेल, पर्वतारोहण र शीतकालीन खेलकूदहरूलाई प्रोत्साहन गर्नेछौं, सबै जीपीयूमा कम्युनिटी स्पोर्ट्‌र्स सेन्टर र सबै जिल्लामा मल्टी-स्पोर्ट कोचिङ सेन्टरहरू खोल्नेछौं।



> “म सबै युवाका रहरहरू पूरा गर्न नसकुँला तर सबै युवाका आधारभूत आवश्यकताहरू पूरा गरिदिनेछु। ”



# महिलाहरूको सम्मान र उत्थानको ग्यारेन्टी

# गोलेको ग्यारेन्टी 9

- हामी कृषक भरोसा योजनाअन्तर्गत सबै कृषक र श्रमजीवी मजदूरहरूलाई प्रतिवर्ष रु 15,000 को आर्थिक सहायता प्रदान गर्नेछौं र कृषक बीमा योजना अन्तर्गत रु 5 लाखको जीवन बीमा र रु 5 लाखको दुर्घटना बीमा प्रदान गर्नेछौं।
- हामी सिक्किमका कृषकहरूको आयलाई बढ़ाउन कृषक इनकम कमीशन स्थापना गर्नेछौं।
- हामी ब्रान्ड अर्गेनिक सिक्किम योजना, सिक्किमलाई डेरी हब, हाई-वैल्यू हर्टिकल्चर हब र मेडिसिनल प्लान्ट डेवलपमेन्ट प्रोग्रामजस्ता कार्यक्रम तथा योजनाहरू लिएर आउनेछौं।
- हामी अग्रि इनोवेशन मिशन र मिशन अग्रिप्रेन्योर कृषि/बागवानी/कृषि इञ्जीनियरिङमा डिग्री पूरा गर्ने युवाहरूलाई कृषिसम्बन्धित व्यवसाय शुरु गर्न रु 2 लाख सब्सिडी प्रदान गर्नेछौं।
- हामी अग्रि-बिजीनेसमा निवेशको लागि SEZ के परामर्शमा स्पेशल एग्रीकल्चर जोन (SAZ) नीति ल्याउनेछौं।
- हामी फसल बीमा योजनामार्फत 100 प्रतिशत कवरेज सुनिश्चित गर्नेछौं, कृषि ऋणलाई समाप्त गर्नेछौं र फसलहरूको तत्काल भुगतान सुनिश्चित गर्नेछौं।



# कृषकहरूको खुशहालको ग्यारेन्टी

# गोलेको ग्यारेन्टी 9



- सरकारी नोकरीमा नारीलाई 50 प्रतिशत आरक्षण दिइनेछ।
- हामी आमा सशक्तिकरण योजनाबाट राज्यका सबै आमाहरूलाई प्रतिवर्ष रु 40,000 सम्मान राशि प्रदान गर्ने योजना जारी राख्नेछौं।
- हामी आमा सहयोग योजनाबाट प्रतिवर्ष चारपल्ट एलपीजी सिलिन्डर भर्न रु 4400 -को सहयोग राशि दिने कार्यलाई निरन्तरता दिनेछौं।
- हामी बहिनी योजनाबाट सबै छात्राहरूलाई निःशुल्क सेनीटेरी पेड दिने कार्यक्रमलाई जारी राख्नेछौं।
- हामी शक्ति योजनाबाट स्वयं सहायता समूहहरूलाई रु 5 लाखसम्मको सहयोग राशि दिनेछौं र महिलाहरूलाई आत्मनिर्भर बनाउनेछौं।
- हामी महिला उद्यमी प्रोत्साहनका लागि सिक्किम-WE हब बनाउनेछौं र महिला स्टार्ट-अप पार्क्स बनाउनेछौं।
- हामी सन्तान प्राप्त नभएका दम्पतीलाई वात्सल्य योजनाबाट इन विट्रो फर्टिलाइजेशन (IVF) उपचारको लागि रु 3 लाखको सहयोग राशि दिने कार्यक्रमलाई जारी राख्नेछौं।
- हामी मेरो रुख मेरो सन्तति योजनाअन्तर्गत सबै नवजात शिशुको नाममा 108 वटा बिरुवा रोप्ने र शिशु समृद्धि योजनामार्फत शिशुको नाममा 10,800 रुपियाँ 18 वर्षसम्मको लागि फिक्स्ड डिपोजिट गरिदिने हाम्रो मौलिक योजनालाई निरन्तरता दिनेछौं। हामी आयुष्मान भवः योजनामार्फत शिशुको जन्म हुँदा बेबी किट प्रदान गर्नेछौं।

# गोलेको ग्यारेन्टी 9



- हामी महिला कल्याणको लागि जेन्डर-बजेट ल्याउनेछौं।
- प्रत्येक जिल्लाको स्वयं सहायता समूहबाट 2 जनालाई Advisor/ Chairperson-को पदमा मनोनित गरिनेछ।



"महिला सशक्तिकरणको प्रयत्नबिना समावेशी राजनीतिको परिभाषा अधुरो नै रहन्छ।"

# गोलेको ग्यारेन्टी 9






"भविष्यको सिक्किम चलाउने आजका विद्यार्थीलाई विश्वस्तरीय शिक्षादेखि वञ्चित गराउनु भनेको सिक्किमको भविष्यमाथि खेलबाड़ गर्नु हो।"

# गोलेको ग्यारेन्टी 9



- हामी सिक्किम ज्ञानज्योति मिशनअन्तर्गत सबै विद्यार्थीलाई विश्वस्तरीय शिक्षा प्रदान गर्नेछौं। हामी सबै जिल्लामा मोडल स्कूलहरू बनाउनेछौं र नयाँ स्कूल अफ एक्सीलेन्स र स्कूल अफ ब्रिलियन्स बनाउनेछौं।
- हामी सिक्किमलाई लर्निङ आउटकममा सर्वश्रेष्ठ बनाउन मिशन प्रगति नीति बनाउनेछौं र सिक्किम स्मार्ट स्कूल मिशनअन्तर्गत टेक्नोलजी-इनेबल्ड लर्निङ सुनिश्चित गर्नेछौं।
- हामी विद्यार्थीहरूलाई जबसिकरबाट जब प्रोभाइडर बनाउन सिक्किम स्टार्ट-अप स्कूल र एन्टरप्रेन्योरशिप माइण्डसेट करिकुलम ल्याउनेछौं। हामी सिक्किम यङ्ग इन्नोवेटर प्रोग्रामअन्तर्गत कक्षा 11 र 12 मा अध्ययन गर्ने विद्यार्थीहरूलाई व्यापार शुरू गर्न सीड मनी दिनेछौं।
- हामी सिक्किमको महान् विरासतबारे विद्यार्थीहरूलाई जागरूक गराउन सबै स्कूलहरूमा सिक्किम हेरिटेज करिकुलम आरम्भ गर्नेछौं।
- हामी हाम्रा नानीहरूको समग्र विकासका लागि सिक्किम हैप्पी स्कूल मिशनअन्तर्गत माइण्डफुल्नेस करिकुलम शुरू गर्नेछौं।
- हामी शिक्षक स्थायीकरण नीतिलाई जारी राख्नेछौं र शिक्षक प्रशिक्षण विश्वविद्यालय स्थापना गर्नेछौं।




# समृद्ध सिक्किमको ग्यारेन्टी

# गोलेको ग्यारेन्टी 9



- हामी सिक्किमलाई 2035 सम्ममा 18 बिलियन डलरको अर्थव्यवस्थामा पुऱ्याउन प्रतिबद्ध छौं। हामी ग्रीन न्यू डील पोलिसी बनाउनेछौं, जसबाट आगामी दशक सिक्किमको सस्टेनेबल ग्रोथको स्वर्णिम दशक बन्नेछ। हामी टप सेक्टर पोलिसीअन्तर्गत 15 वटा फोकस इन्डस्ट्रीहरूका लागि विशेष नीतिहरू बनाउनेछौं।
- हामी सिक्किमलाई निवेशमैत्री राज्य बनाउनेछौं र इन्वेस्ट सिक्किम अथोरिटी अन्तर्गत प्रत्येक साल इन्वेस्ट सिक्किम कन्क्लेव आयोजन गर्नेछौं।
- हामी सिक्किमलाई सस्टेनेबल स्टार्ट-अप हब, ग्रीन हाइड्रोजन हब, इनोवेशन हब र नर्थ-ईस्ट टेक हब बनाउन प्रभावशाली नीतिहरू ल्याउनेछौं।
- हामी सिक्किमलाई सस्टेनेबल टूरिज्ममा ग्लोबल लिडर बनाउनेछौं र विश्वको पहिलो सर्टिफाइड सस्टेनेबल टूरिज्म स्टेट बनाउनेछौं। हामी राज्यका सबै जिल्लामा टूरिस्ट सर्किटहरू बनाउनेछौं।
- हामी सिक्किमलाई विश्वको माइन्डफुल्नेस र वैलनेस हब बनाउन प्रतिबद्ध छौं। हामी भारतको पहिलो माइन्डफुल्नेस र सस्टेनेबल सिटी बनाउनेछौं, जो सौहार्दपूर्ण जीवनको लागि एक आदर्शको रुपमा अगाड़ि आउनेछ।
- हामी सिक्किमका सबै जिल्लाको समग्र विकासका लागि मंगन, गेजिङ र सोरेङ जिल्लाको निम्ति विशेष नीतिहरू बनाउनेछौं र बियोन्ड गान्तोक मिशनमार्फत राज्यभरि उद्योग र रोजगारका अनन्त अवसरहरू सिर्जना गर्नेछौं।



शिक्षित सिक्किम,
श्रेष्ठ सिक्किमको
ग्यारेन्टी


गोलेको
ग्यारेन्टी 9
"उपचार खर्चको अभावको
कारण जनताले जीवन
गुमाउनुपर्ने समयलाई
हामीले इतिहास बनाइदियौं"


गोलेको
ग्यारेन्टी 9
"सिक्किमे जनताको
सामर्थ्यमाथि मलाई भरोसा
छ, जनताको अपार सामर्थ्य
नै समृद्ध सिक्किमको
प्रमुख आधार हो।"




# स्वस्थ सिक्किमको ग्यारेन्टी

## गोलेको ग्यारेन्टी 9



- हामी मुख्यमन्त्री सञ्जीवनी योजनाअन्तर्गत सबै परिवारलाई रु 30 लाखको स्वास्थ्य बीमाभित्र समेट्नेछौं र मुख्यमन्त्री चिकित्सा सहायता योजनालाई जारी राख्नेछौं।

- हामीले सबै व्यक्तिसम्म विश्वस्तरीय स्वास्थ्य सुविधाहरू पुऱ्याउन सबै जिल्लामा बहु-विशेषतायुक्त अस्पतालहरू बनाउँदैछौं र सबै ग्राम पञ्चायत तहमा जनता क्लिनिक बनाउनेछौं।

- हामी मुख्यमन्त्री आरोग्यश्री शिविरअन्तर्गत ग्राम पञ्चायत स्तरमा प्रतिवर्ष निःशुल्क स्वास्थ्य जाँच शिविर आयोजना गर्नेछौं र सिक्किम औषधि योजना अन्तर्गत 720 प्रकारका औषधिहरू निःशुल्क उपलब्ध गराउनेछौं।

- हामी AIIMS -को मापदण्डमा सिक्किम इन्स्टिट्यूट अफ मेडिकल साइन्स बनाउनेछौं।